# प्रदेश उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०७८

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगर

प्रदेश सरकार (माननीय मन्त्रीस्तर) को मिति ........................................ को निर्णयानुसार स्वीकृत

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

# विषय सूची


परिच्छेद-एक परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ मार्गदर्शनको सामान्य सिद्धान्त ........ १

१.३ परिभाषा ........ १

१.४ कार्यक्रम सञ्चालन प्रकिया ........ २

१.५ कार्यक्रम कार्यान्वयन विधि ........ ३

१.६ कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन विधि ........ ३

परिच्छेद- दुई कार्यक्रम सञ्चालन प्रक्रिया ........ ४

कार्यक्रमको नामः प्रदेश उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम (३०७०११०१) ........ ४

खर्च शीर्षकः- पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च (२२३१५) ........ ४

२.४.१२.४ उद्यम तथा सीप विकास सम्बन्धी पुस्तिका प्रकाशन ........ ४

२.४.१२.६ कार्यविधि, मार्गदर्शन, मापदण्ड आदि तयारी तथा प्रकाशन ........ ४

खर्च शीर्षकः सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च (२२५१२) ........ ४

२.६.४.१ उद्यमशीलता रोजगारीमूलक सशक्तिकरण / २.६.४.२ उद्यमशीलता विकास तालिम ........ ४

२.६.४.३ भगत सर्वजित सीप विकास तालिम ........ ५

२.६.४.४ उद्यमी विकास तथा रोजगार कार्यक्रम ........ ६

२.६.४.५ उद्योग प्रवर्द्धन कार्यक्रम ........ ६

२.६.४.६ युवा उद्यमशीलता तथा औद्योगिक जनशक्ति विकास कार्यक्रम ........ ७

२.६.४.७ स्थापन्न उद्यमीहरूको लागि स्तरोन्नति कार्यक्रम ........ ८

२.६.४.८ परम्परागत उद्यम प्रवर्द्धन कार्यक्रम ........ ८

२.६४.१४ औद्योगिक सम्भाव्यता अध्ययन ........ ९

२.६.४.१८ उद्यमी श्रृजना तथा रोजगार कार्यक्रम ........ १०

२.६.४.२१ ढाका जोन स्थापना तथा सञ्चालन कार्यक्रम ........ ११

२.६.४.२३ उपभोक्ता हितका लागि बजार अनुगमन ........ ११

२.६.४.२४ उपभोक्ता हित सम्बन्धी अभिमुखीकरण कार्यक्रम ........ ११

२.६.४.२६ भिन्न क्षमता भएका व्यक्तिहरूका लागि सीप विकास तालिम ........ १२

२.६.४.३० कर्मचारी क्षमता अभिवृद्धि तालिम ........ १२

२.६.४.४० लघु तथा साना उद्योगलाई उद्यम दर्ता सम्बन्धी अभिमुखीकरण गोष्ठी ........ १२

२.६.४.४९ जिल्ला/स्थानीय तह उद्यम विकास समितिको बैठक ........ १३

२.६.४.५८ होम स्टे सञ्चालक वा समुदायहरूलाई अभिमुखीकरण तथा Hospitality Management Training ........ १३


प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

२.६.५.४ बजार विस्तार तथा अन्तक्रिया कार्यक्रम ....................................................................................... १३
२.६.६.४ वाणिज्य प्रशासन सम्बन्धी अभिमुखीकरण गोष्ठी ..................................................................................... १३
२.६.६.५ उपभोक्ता हित संरक्षण सम्बन्धी गोष्ठी ....................................................................................... १४
२.६.६.७ उद्योग वाणिज्य संघको समन्वयमा आपूर्तिकर्ता, व्यापारी सरोकारवालासँग गोष्ठी कार्यशाला ........................ १४
२.६.६.१० साना उद्योगसँग सम्बन्धित अनुभव आदान प्रदान अन्तरक्रिया गोष्ठी........................................................ १४
खर्च शीर्षक: कार्यक्रम खर्च (२२५२२)/विविध कार्यक्रम खर्च (२२५२९) ....................................................... १४
२.७.५.१/ २.७.२९.८उपभोक्ता हित संरक्षणका लागि सचेतना कार्यक्रम ................................................................... १४
२.७.५.२ / २.७.५.२२ बजार अनुगमन तथा नियमन ........................................................................................ १५
२.७.५.३ उद्यम विकास सहजकर्ता अध्ययन सहयोग कार्यक्रम..................................................................................... १५
२.७.५.५. उद्योग वाणिज्य प्रशासन ....................................................................................................... १५
२.७.५.७ वार्षिक प्रगति पुस्तिका प्रकाशन ................................................................................................. १५
२.७.५.८ औद्योगिक ग्राम सञ्चालन प्रशासनिक खर्च................................................................................................ १५
२.७.५.९ पूर्व प्रशिक्षार्थी अनुगमन तथा उत्प्रेरणा कार्यक्रम ............................................................................... १६
२.७.५.१२ कोसेली घर सञ्चालन सहयोग......................................................................................................... १६
२.७.५.५१ वस्तु विकास कार्यक्रम................................................................................................................ १६
२.७.५.८६/२.७.२६.२ औद्योगिक प्रदर्शनी सहभागी तथा स्टल खरिद....................................................................... १७
२.७.५.८७ /२.७.२६.३ ब्रोजर निस्कासन................................................................................................. १७
२.७.५.८८/ २.७.२६.९ टेलिभिजन पत्रपत्रिका सूचना प्रसारण तथा जानकारी प्रवाह ............................................... १७
२.७.८.१३ वस्तु विकास सम्बन्धी अनुसन्धानमूलक सामग्री वा डिजाइन तयारी......................................................... १७
२.७.८.२२ सरोकारवाला निकायसँग उद्योग विकास सम्बन्धी अन्तर्क्रिया, गोष्ठी, बैठक आदि ......................................... १८
२.७.८.२७ COVID-१९ बाट प्रभावित समुदायलाई सीप विकास एवम् जनचेतनाको कार्यक्रम सञ्चालन.............................. १८
२.७.२५.१ अन्य (उत्पादन सामग्री, सेवा तथा अन्य कार्यक्रम) ....................................................................... १८
२.७.२५.३ उद्योग प्रवर्द्धन समन्वय समितिको बैठक......................................................................................... १८
२.७.२५.३७ एक जिल्ला एक उत्पादन कार्यक्रम ................................................................................................ १८
२.७.२५.३८ उद्योग सम्बन्धी घुम्ति सेवा........................................................................................................... १९
२.७.२५.९० उपभोक्ता दिवस मनाउने.............................................................................................................. १९
२.७.२५.९१ सेवा प्रवाह सरलीकरण रणनीतिक कार्ययोजना तयारी................................................................................ १९
२.७.२५.९२ सेवा प्रवाह सरलीकरण रणनीतिक कार्ययोजना कार्यन्वयन ................................................................ २०
२.७.२९.४ वार्षिक समीक्षा गोष्ठी ................................................................................................................ २०
२.७.२९.२२ उद्योग दिवस मनाउने................................................................................................................... २१
खर्च शीर्षक: अनुगमन तथा मूल्याङ्कन खर्च (२२६११) ........................................................................................ २१

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. १
विराटनगर (नेपाल)


२.८.१.२ उद्योग वाणिज्य अनुगमन ........ २१

२.८.१.५ IEE/EIA स्वीकृत भई सञ्चालनमा रहेका आयोजनाहरूको अनुगमन ........ २१

खर्च शीर्षक:- विविध खर्च (२२७११) ........ २२

२.९.९.२ कोभिड १९ रोकथामका लागि आपूर्ति सहजीकरण र बजार अनुगमन........ २२

खर्चशीर्षक:- अन्य संस्थालाई अनुदान सःशर्त (२६४१३) ........ २२

५.१.९.२ सृजनशील समाज विराटनगर ७ महिला उद्यशीलता तालिम सञ्चालन अनुदान ........ २२

५.१.९.३ नेपाल ग्रीनलिन्क्स फाउण्डेशन इटहरी उद्यमी हेण्डीक्राफ्ट तालिम तथा उत्पादनका लागि अनुदान........ २२

खर्च शीर्षकः अन्य संस्थालाई सःशर्त पूँजीगत अनुदान (२६४२३) ........ २३

११.४.१७.२०४ कृषि तथा उद्योग मण्डी स्थापना तथा सञ्चालन........ २३

११.४.२२.५५६ कोसेली घर निर्माण तथा प्रवर्द्धन ........ २३

११.४.२२.६९३ औद्योगिक प्रदर्शनी केन्द्र स्थापना (स्थानीय तह र निजी क्षेत्रको सहकार्यमा)........ २३

खर्च शीर्षकः मेशिनरी तथा औजार (३११२२) ........ २४

११.३.१२.२. उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम........ २४

११.३.१२.५ कोभिड १९ बाट प्रभावित उद्यमीलाई प्रविधि हस्तान्तरणका लागि औजार उपकरण खरिद........ २४

खर्च शीर्षकः पुँजीगत अनुसन्धान तथा परामर्श (३११७२) ........ २५

११.५.३०.९ ढुङ्गा उत्खनन् क्षेत्रको सम्भाव्यता अध्ययन ........ २५


उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. १
विराटनगर (नेपाल)

# परिच्छेद-एक
# परिचय

## १.१ पृष्ठभूमि

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १ अन्तर्गत आ.व. २०७८/७९ मा विभिन्न योजना/कार्यक्रमहरु संचालन गर्ने गरी बजेट विनियोजन भएको छ । विनियोजित बजेटको परिधि भित्र रहेर स्वीकृत वार्षिक कार्यक्रमहरु उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र १४ वटा घरेलु तथा साना उद्योग कार्यालयबाट संचालन गरिने गरी तय भएका छन् । स्वीकृत कार्यक्रमको प्रभावकारी ढंगले सम्पादन भएमा त्यसबाट प्राप्त हुने प्रतिफल समेत गुणस्तरीय भई आशातित उपलब्धी हासिल गर्न सकिन्छ । कार्यक्रम प्रभावकारी ढंगले तोकिएको गुणस्तरमा सम्पादन गर्न कार्यक्रम सम्पादन गर्ने निकायहरु बीच एकै खालको कार्यक्रम संचालन प्रकृयामा साझा बुझाई रही सम्पादन हुनु पर्दछ । अत: स्वीकृत कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन गरी अधिकतम उपलब्धी हासिल गर्ने उद्देश्यले कार्यक्रम संचालन गर्ने निकाय/सेवा प्रदायकहरुलाई कार्यक्रम कार्यान्वयनमा सहजता र एकरुपता आओस भनी यो "प्रदेश उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०७८" तयार गरी जारी गरिएको छ ।

## १.२ मार्गदर्शनको सामान्य सिद्धान्त

यो मार्गदर्शन सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रदेश नं. १ को प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, आ.व. २०७८/७९ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन तथा बजेट कार्यान्वयनसँग सम्बन्धित संघीय सरकार र प्रदेश नं. १ सरकारले जारी गरेका अन्य निर्देशिकाका हकमा सोही बमोजिम हुने अन्यथा यस मार्गदर्शन बमोजिम गर्ने गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १ ले योजना तथा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २५ को अधिनमा रही यो "प्रदेश उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०७८" जारी गरेको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा मातहतमा रहेका निर्देशनालय तथा कार्यालयहरुको आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रमहरुको संचालन तथा कार्यान्वयन गर्नु यो मार्गदर्शनको मुख्य लक्ष्य रहेको छ ।

## १.३ परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,

क) "मार्गदर्शन" भन्नाले प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले स्वीकृत गरेको "प्रदेश उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०७८" सम्झनु पर्छ ।

ख) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

ग) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गत स्थापना भएको उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनु पर्छ ।

घ) "सम्बन्धित निकाय" भन्नाले मन्त्रालयद्वारा कार्यक्रम सञ्चालन गर्न तोकिएको निकाय सम्झनु पर्छ ।

ङ) "महाशाखा" भन्नाले मन्त्रालयको महाशाखा सम्झनु पर्छ।

च) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गत स्थापना भएका घरेलु तथा साना उद्योग कार्यालय सम्झनु पर्छ।

छ) "स्थानीय तह" भन्नाले कार्यक्रम लागू हुने स्थानको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ।

ज) "जिल्ला उद्योग प्रवर्द्धन समन्वय समिति" भन्नाले प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ को दफा २३ बमोजिम गठित समिति सम्झनु पर्छ।

**१.४ कार्यक्रम सञ्चालन प्रकिया**

स्वीकृत वार्षिक कार्यक्रम निम्न प्रक्रिया अवलम्बन गरी सञ्चालन गरिनेछ।

क) स्वीकृत वार्षिक कार्यक्रम प्राप्त भए पश्चात् कार्यक्रम कार्यान्वयन योजना बनाइ सरोकारवालाहरूको सहभागितामा सार्वजनिक गर्ने।

ख) स्वीकृत वार्षिक कार्यक्रमको विषयगत विशिष्टिकरण र आवश्यकता अनुसार कार्य विभाजन गरी कर्मचारीहरूलाई जिम्मेवारी तोक्ने।

ग) क्रियाकलापहरूको प्रकृतिको आधारमा क्षेत्र निर्धारण गरी लक्षित समूह, कार्यक्रम सञ्चालन हुने क्षेत्र, स्थानीय तहमा बैठक, छलफल र आवश्यकता अनुसार अन्तरक्रिया र गोष्ठी सञ्चालन गरी कार्यक्रम सञ्चालन हुने स्थानको पहिचान गर्ने।

घ) विषयगत प्राविधिकबाट कार्यक्रमको विस्तृत सर्वेक्षण, डिजाइन तथा लागत अनुमान तयार गर्ने।

ङ) विशेष सीपयुक्त जनशक्ति आवश्यक पर्ने भएमा कार्यक्रम अवधिका लागि व्यक्ति वा सेवा करारमा लिएर सञ्चालन गर्ने।

च) लागत अनुमान तयार गर्दा प्रचलित नर्म्स, जिल्ला दररेट वा सम्बन्धित स्थानीय तहको दररेटलाई आधार लिने

छ) लागत अनुमानमा देहायका विषयहरू समावेश गर्ने।

- कार्यक्रम/क्रियाकलापको शीर्षक,
- कार्यक्रम सञ्चालन हुने स्थान,
- कार्यक्रमको डिजाइन, नक्सा, इकाइ, परिमाण, प्रति एकाइ लागत र कूल लागतको परिमाण अनुमान
- श्रोत साझेदारीको अवस्था

ज) कार्यक्रम सञ्चालनको लागि प्रस्ताव तयार गर्दा देहायका विषयहरू स्पष्ट खुलाउने

- कार्यक्रमको नाम
- कार्यक्रमको पृष्ठभूमि
- कार्यक्रमको लक्ष्य र उद्देश्य
- कार्यक्रम सञ्चालन हुने स्थान वा क्षेत्र
- लक्षित समूह सम्बन्धी विवरण, लाभान्वित घरधुरी, जनसंख्या
- कार्यक्रम सञ्चालन विधि र प्रक्रिया

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

- कार्यक्रम शुरू हुने मिति, सम्पन्न गर्न लाग्ने अवधि र लागत अनुमान
- अपेक्षित उपलब्धीहरू
- अनुगमन तथा मूल्याङ्कन

## १.५ कार्यक्रम कार्यान्वयन विधि

यसमा उल्लेख भएका कार्यक्रमहरू प्रचलित कानूनको अधिनमा रही देहाय अनुसार सञ्चालन गरिनेछ।

क) अमानतबाट

ख) ठेक्कापट्टाबाट

ग) परामर्श सेवा खरिदबाट

घ) साझेदारी वा सम्झौताबाट

## १.६ कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन विधि

कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम गरिने छ।

क) कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको निर्देशनालय/मन्त्रालय र निर्देशनालयबाट सम्पन्न हुने कार्यक्रमको मन्त्रालयबाट नियमित रूपमा अनुगमन गरी पृष्ठपोषण दिइनेछ।

ख) अनुगमन मूल्याङ्कन गर्दा राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ लाई आधार मानिनेछ।

ग) रू ५ लाख भन्दा बढी लागतका निर्माण सम्बन्धी कार्यक्रमहरूको विवरण खुल्ने गरी होर्डिङ बोर्ड सम्बन्धित निर्माणस्थलमा राख्नुपर्नेछ। यसको खर्च सम्बन्धित कार्यक्रमबाट गर्न सकिनेछ।

घ) प्रत्येक कार्यक्रम सम्पन्न भए पछि कार्यालयबाट सम्पन्न क्रार्यक्रमहरूको कार्यान्वयनको प्रगति निर्देशनालयमा र निर्देशनालयबाट सम्पन्न कार्यक्रमहरूको कार्यान्वयनको प्रगति मन्त्रालयमा पेश गर्नुपर्नेछ।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. १
विराटनगर (नेपाल)

# परिच्छेद- दुई
# कार्यक्रम सञ्चालन प्रक्रिया

**कार्यक्रमको नामः प्रदेश उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम (३०७०११०१)**

## खर्च शीर्षकः- पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च (२२३१५)

### २.४.१२.४ उद्यम तथा सीप विकास सम्बन्धी पुस्तिका प्रकाशन

उद्योग सञ्चालनका लागि आवश्यक कानूनी प्रक्रिया, उत्पादन प्रक्रिया, उपलब्ध वा सम्भाव्य प्रविधि, कच्चा पदार्थ, सीप तथा तालिम लगायतका विषयहरू समेटी पुस्तिका प्रकाशन गर्दा यस शीर्षकबाट खर्च गरिनेछ। कार्यक्रम सम्पन्न गर्नका लागि सम्बन्धित विज्ञसँग छलफल, राय संकलन, बैठक, परामर्श सेवा, छपाई, प्रचार प्रसार सामाग्री उत्पादन तथा प्रकाशन र वितरण सम्बन्धी कार्यमा विनियोजित रकम खर्च गरिनेछ।

### २.४.१२.६ कार्यविधि, मार्गदर्शन, मापदण्ड आदि तयारी तथा प्रकाशन

प्रदेश अन्तर्गत सञ्चालन गरिने कार्यहरू प्रदेश ऐन, नियम अनुसार सञ्चालन गर्न र कार्यमा एकरूपता ल्याउनमा सहजीकरण गर्नु यस कार्यक्रमको उद्देश्य रहनेछ।
यो कार्यक्रममा निम्न क्रियाकलापहरू गरिनेछ।

क) जारी भएका ऐन, नियम बमोजिम गरिने कार्यक्रमको लागि आवश्यक पर्ने निर्देशिका, कार्यविधि, मार्गदर्शन, मापदण्ड तयार गर्ने।

ख) निर्देशिका, कार्यविधि, मार्गदर्शन, मापदण्ड तयार गर्दा विषय विज्ञहरू तथा सरोकारवालाहरू सँग छलफल गर्ने।
उल्लिखित कार्यक्रम गर्नका लागि राय संकलन, बैठक, परामर्श सेवा, गोष्ठी, छपाई, प्रचार प्रसार सामाग्री उत्पादन तथा प्रकाशन र वितरण सम्बन्धी कार्यमा विनियोजित रकम खर्च गरिनेछ।

## खर्च शीर्षकः सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च (२२५१२)

### २.६.४.१ उद्यमशीलता रोजगारीमूलक सशक्तिकरण / २.६.४.२ उद्यमशीलता विकास तालिम

ग्रामीण एवं शहरी क्षेत्रमा बेरोजगार रहेका ब्यक्तिहरुलाई स्थानीयस्तरमा नै रोजगारीको अवसर प्रदान गर्न, स्थानिय सीप र साधनको सदुपयोग गर्दै आत्मनिर्भरता बढाउन, ब्यक्तिहरुमा सुषुप्त अवस्थामा रहेका उद्यमशीलताका लक्षणहरुलाई जगाई सफलताका साथ उद्योग ब्यवसाय संचालन गर्न सक्ने उद्यमी/ब्यवसायी तयार गर्ने उद्देश्य अनुरुप उद्यमशीलता विकास तालिम प्रदान गरिदै आएको छ। तालिम सम्पन्न भए पछि प्रतिवेदन तयार गरी निर्देशनालय र मन्त्रालय पठाइनेछ। तालिम सञ्चालन गर्न प्रदेश स्तरमा विषयगत कार्यविधि/निर्देशिका जारी भएको भए उक्त कार्यविधि/निर्देशिका वा जारी नभएको अवस्थामा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा स्वीकृत "लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" लाई आधार मान्न सकिनेछ।

यो कार्यक्रम देहायका आधारमा सञ्चालन गर्नुपर्नेछ।



उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. १
विराटनगर (नेपाल)

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

(१) सम्भाव्य उद्यमीको प्रारम्भिक सर्वेक्षण प्रतिवेदनबाट गरिबीको रेखामुनिको परिवार भनी ठहरिएका परिवारलाई लक्षित समूह मानी सोही समूहका सदस्यहरूलाई छनौट गर्नु पर्दछ।

(२) सम्भाव्य उद्यमी पहिचान गर्दा नेपाल सरकारले लक्षित वर्ग भनी तोकेको अति गरिब, पिछडिएका महिलाहरु (एकल महिला समेत), दलित, आदिवासी जनजातिहरू, अपांङ्गता भएका व्यक्ति, लैगिंक अल्पसंख्यक, सीमान्तकृत तथा सुविधाविहीन समूहको अनुपातलाई ध्यान दिनु पर्दछ।

(३) उद्यमप्रतिको धारणा, प्रतिबद्धताको स्तर, उपयुक्त उमेर समूह (१६–५० वर्ष), जोखिम वहन गर्न सक्ने क्षमताको स्तर, चाहना, तत्परता, उद्यमको लागि दिने समय, गतिशीलता, पारिवारिक व्यवसायिक वातावरण जस्ता गुणहरूलाई समेत सम्भाव्य उद्यमी पहिचान प्रकृयामा उचित महत्व दिनु पर्दछ।

(४) यसरी सम्भाव्य उद्यमीहरुलाई ८ दिनको व्यवसाय सचेतना तथा शुरु तालिम दिनु पर्दछ।

(५) यसरी उद्यमशीलता विकास तालिम लिए पश्चात संभावित उद्यमीहरुलाई आफ्नो आफ्नो क्षमता, चाहना, बजार र श्रोतको सुनिश्चितता गरी आफूले छानेको उद्यम व्यवसायको व्यवसायिक योजना बनाउन सहजीकरण गर्दै व्यवसाय शुरुवात गर्नका लागि आवश्यक प्राविधिक सीप, प्रविधि, बजार, पुँजी आदिको लागि सहयोग तथा सहजीकरण गरिनेछ।

### २.६.४.३ भगत सर्वजित सीप विकास तालिम

आर्थिक तथा सामाजिक रूपले पछि परेका दलित समुदायको उत्थानका लागि सीप प्रवर्द्धन गर्दै उद्यम विकास कार्यमा सहभागी गराई जीवनस्तरमा अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। तालिम सञ्चालन गर्न प्रदेश स्तरमा विषयगत कार्यविधि/निर्देशिका जारी भएको भए उक्त कार्यविधि/निर्देशिका वा जारी नभएको अवस्थामा साविकमा घरेलु तथा साना उद्योग विभागबाट जारी भएको भगत सर्वजीत सीप विकास प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७३ लाई आधार मान्न सकिनेछ।

यो कार्यक्रम देहायका आधारमा सञ्चालन गर्नुपर्नेछ।

१) स्थानीय तहको समन्वयमा ३ वर्ष भित्र तालिम प्राप्त गरिसकेका वा गरिरहेका र हालसम्म प्रविधि प्राप्त गर्न नसकेका जिल्लाका व्यक्ति तथा उद्यमीहरूको पहिचान गरी सूची तयार गर्ने।

२) उक्त सूची तयार गर्न तपसिलका मापदण्ड राखी १५ दिने सार्वजनिक सूचना आह्वान गर्ने।
   क. उद्योग दर्ता गरेको भए प्रमाण पत्र
   ख. उद्योग दर्ता नगरेको भए तालिम लिएको प्रमाण पत्र

३) उपरोक्त अनुसारको उद्योगी वा व्यक्तिलाई प्रचलित प्रविधि हस्तान्तरण कार्यविधि अनुसार सीप विकास प्रवर्द्धन गर्न प्रविधि हस्तान्तरण गर्ने।

४) तालिम प्राप्त नगरेका व्यक्तिहरूका लागि प्रचलित तालिम कार्यविधि बमोजिम स्थानीय तहको समन्वयमा तालिम सञ्चालन गर्ने।

५) कार्यक्रम सम्पन्न भए पछि सम्पन्नताको प्रतिवेदन निर्देशनालय तथा मन्त्रालय पठाउने।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

### २.६.४.४ उद्यमी विकास तथा रोजगार कार्यक्रम

लघु, घरेलु तथा साना उद्योगको विकास तथा विस्तारका साथ यस क्षेत्रको प्रवर्द्धनका निम्ति विभिन्न कार्यक्रम तयार गरी संचालन गरिँदै आएको छ । सोही अनुरुप आफ्नो कार्यक्षेत्रमा रहेका नागरिकहरुमा रहेको उद्यमशीलतालाई उजागर गरी सो गुणलाई परिस्कृत गर्दै विभिन्न सेवाहरु प्रदान गरेर उद्यमी विकास कार्यक्रम संचालन गरिन्छ । तालिम सञ्चालन गर्न प्रदेश स्तरमा विषयगत कार्यविधि/निर्देशिका जारी भएको भए उक्त कार्यविधि/निर्देशिका वा जारी नभएको अवस्थामा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा स्वीकृत "लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" लाई आधार मान्न सकिनेछ । जिल्ला उद्योग प्रवर्द्धन समन्वय समितिबाट तालिम सञ्चालन हुने स्थान, अन्तरकृया कार्यक्रम संचालन, उद्यमशीलता सचेतना तालिम र प्रशिक्षार्थी छनौंट लगायतका विषयमा निर्णय गर्न सकिनेछ ।

यो कार्यक्रम देहायका आधारमा सञ्चालन गर्नुपर्नेछ ।

१. कुन विषयको तालिम कुन स्थानमा संचालन गर्दा वढी उपयोगी हुन्छ सो को निष्कर्ष सहित जिल्ला उद्योग प्रवर्द्धन समन्वय समिति को निर्णय अनुसार अन्तरकृया कार्यक्रम संचालन र प्रशिक्षार्थी छनौंट गर्ने ।
२. जिल्ला उद्योग प्रवर्द्धन समन्वय समिति मा छलफल हुँदा गाउँपालिका/नगरपालिकाबाट पारित भएका प्रस्तावित कार्यक्रमलाई समेत ध्यान दिनु पर्नेछ । कार्यक्रम संचालन गर्नु पूर्व तालिमको विषय तथा संचालन स्थानको छनौट जिल्लाको कुन स्थान (गाउँपालिका/नगरपालिका) मा कहिले संचालन गर्ने भन्ने विषयमा जिल्ला उद्योग प्रवर्द्धन समन्वय समिति को बैठकमा छलफल गरी निर्णय लिने ।
३. यस कार्यक्रममा वढी भन्दा वढी स्थानीय व्यक्तिहरुको सहभागिताका लागि कार्यक्रम संचालन गर्नु भन्दा अगाडि देखि नै प्रचार प्रसारमा वढी जोड दिने ।
४. प्रचार प्रसारका लागि तालिमको विषय, संचालन मिति, स्थान बारे उपयुक्त संचारका साधनहरुको प्रयोग गर्नुका साथै पोष्टर, पम्पलेट र पत्राचारको माध्यमबाट पनि सम्वन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्ने ।
५. जिल्ला उद्योग प्रवर्द्धन समन्वय समितिबाट निर्णय भए अनुसार तालिम सञ्चालन गर्ने ।
६. कार्यक्रम सम्पन्न भए पछि प्रतिवेदन तयार गरी निर्देशनालय र मन्त्रालय पठाउने ।

### २.६.४.५ उद्योग प्रवर्द्धन कार्यक्रम

जिल्लामा पहिलेदेखि स्थानीयस्तरमा भएका श्रोत, साधन, परम्परा तथा सीप तथा प्रविधि प्रयोग गरी आफ्नो उद्यम व्यवसाय सञ्चालन गरिरहेका वा गर्न चाहने व्यक्ति, संघ संस्था, सहकारी आदिलाई आवश्यकता पहिचान विश्लेषण गरी यो कार्यक्रम सञ्चालन गरिनेछ । घरेलु तथा साना उद्योग व्यवसाय गर्न इच्छुक व्यक्ति, रुग्ण भई पूर्ण क्षमतामा संचालन हुन नसकेका लघु, घरेलु तथा साना उद्यमीहरुलाई माग अनुसार विभिन्न विषयमा सीप विकास तालिम, उद्यमशीलता विकास एवं विभिन्न विषयका व्यवस्थापन सम्वन्धी तालिम प्रदान गर्नुका साथै प्राविधिक र व्यवस्थापकीय सहयोग पुर्याई पूर्ण क्षमतामा उद्योग संचालन गर्न सक्षम वनाउनु यो कार्यक्रमको मूल उद्देश्य रहेको छ । घरेलु तथा साना उद्योग कार्यालयले सञ्चालन गरिरहेको १ देखि ३ दिन सम्मको आवश्यकता हेरी व्यवसाय सुधार तथा विस्तार तालिम दिई अन्य सीप, प्रविधि तथा परम्परागत उद्यम प्रवर्द्धन गर्नका लागि आवश्यक सहयोग गरिनेछ ।

प्रवर्द्धनात्मक सहयोग गर्दा सम्वन्धित उद्योगको अवस्था विश्लेषण गरेर सो उद्योग व्यवसाय सञ्चालनमा सहजै आउन सक्ने, व्यवसायिक योजनाको आधारमा तयारी गरी अन्य थप रोजगरीका अवसर सृजना हुने निश्चित हुने देखिएमा त्यस्ता विद्यमान उद्यमहरुलाई प्राथमिकतामा रारव्नु पर्दछ । यसरी यो कार्यक्रम भित्र इच्छुक सामान्य नागरिक, उद्यमी, रुग्ण वा



प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

पूर्ण क्षमतामा सञ्चालन हुन सक्ने लघु, घरेलु तथा साना उद्योगहरुलाई माग अनुसार विभिन्न विषयमा सीप विकास, उद्यमशीलता विकास, वजारीकरण एवं विभिन्न विषयका व्यवस्थापन सम्वन्धी तालिम प्रदान गर्न सकिन्छ।

तालिमको विषय, प्रशिक्षक वा विषय विज्ञको उपलब्धता, तालिमको लागि आवश्यक भौतिक तथा प्राविधिक पुर्वाधार (मेशीनऔजार, ल्याव आदि) र तालिमको प्रभावकारिता समेतको आधारमा विचार गरि आवश्यकता अनुसार प्रशिक्षक नियुक्त गरी वा तालिम प्रदायक संस्थाहरुबाट सार्वजनिक खरिद ऐन,नियमावली बमोजिम परामर्श सेवा खरिद गरि तालिम सन्चालन गर्न सकिने छ। प्रशिक्षक नियुक्त गरी तालिम सन्चालन गर्दा तालिमको प्रकृति तथा विषयवि१को उपलब्धताका आधारमा आवश्यकता अनुसार कक्षा संख्या वा दैनिक वा मासिक हिसाबले पारिश्रमिक प्रदान गर्ने गरि प्रशिक्षक नियुक्त गर्न सकिनेछ।

यो कार्यक्रममा इच्छुक सहभागीहरुको संख्या धैरै भएमा र कार्यक्रमले नसमेटेमा लैंगिक तथा सामाजिक समावेशिकरणको प्राथमिकताको आधारमा सहभागीहरु छनौट गर्नु पर्ने हुन्छ। तालिम सम्पन्न भए पछि प्रतिवेदन तयार गरी निर्देशनालय र मन्त्रालय पठाइनेछ। तालिम सञ्चालन गर्ने प्रदेश स्तरमा विषयगत कार्यविधि/निर्देशिका जारी भएको भए उक्त कार्यविधि/निर्देशिका वा जारी नभएको अवस्थामा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा स्वीकृत "लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" लाई आधार मान्न सकिनेछ।

### २.६.४.६ युवा उद्यमशीलता तथा औद्योगिक जनशक्ति विकास कार्यक्रम

युवा उद्यमशीलता तथा औधोगिक जनशक्ति विकास तालिम कार्यक्रमको मुख्य लक्षित वर्ग युवा हुनुपर्दछ यसबाट युवाहरुमा उद्यमशीलताको विकास तथा विस्तार भई आफ्नो लागि स्वरोजगार तथा अन्य व्यक्तिहरुका लागि पनि रोजगारीमूलक अवसरहरुको सृजना गर्दै आर्थिक तथा सामाजिक रुपमा सशक्तिकरण गर्नका लागि सहयोग तथा सहजिकरण गरिनेछ।

तालिमको विषय, प्रशिक्षक वा विषय विज्ञको उपलब्धता, तालिमको लागि आवश्यक भौतिक तथा प्राविधिक पुर्वाधार (मेशीनऔजार, ल्याव आदि) र तालिमको प्रभावकारिता समेतको आधारमा विचार गरि आवश्यकता अनुसार प्रशिक्षक नियुक्त गरी वा तालिम प्रदायक संस्थाहरुबाट सार्वजनिक खरिद ऐन,नियमावली बमोजिम परामर्श सेवा खरिद गरि तालिम सन्चालन गर्न सकिने छ। प्रशिक्षक नियुक्त गरी तालिम सन्चालन गर्दा तालिमको प्रकृति तथा विषयवि१को उपलब्धताका आधारमा आवश्यकता अनुसार कक्षा संख्या वा दैनिक वा मासिक हिसाबले पारिश्रमिक प्रदान गर्ने गरि प्रशिक्षक नियुक्त गर्न सकिनेछ।

तालिम सम्पन्न भए पछि प्रतिवेदन तयार गरी निर्देशनालय र मन्त्रालय पठाइनेछ। तालिम सञ्चालन गर्ने प्रदेश स्तरमा विषयगत कार्यविधि/निर्देशिका जारी भएको भए उक्त कार्यविधि/निर्देशिका वा जारी नभएको अवस्थामा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा स्वीकृत "लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" लाई आधार मान्न सकिनेछ।

यो कार्यक्रम सञ्चालन गर्दा प्रचलित पाठ्यक्रमको आधारमा सञ्चालन गर्नुपर्नेछ। यो कार्यक्रमको लक्षित वर्ग भनेको युवा वर्गहरु हो। नेपाल सरकारले युवा भनेर तोकेको उमेर १६ देखि ४० वर्ष उमेर समूहको व्यक्तिहरु हुन्। यसरी सहभागीहरुको छनौट गर्दा निम्न विषयहरुलाई प्राथमिकतामा राख्नुपर्दछ।

(१) उद्योग व्यवसायमा सरिक हुन इच्छुक भए तापनि प्रकृयागत जानकारी र उद्यमशीलताको अभावले गर्दा उद्यम व्यवसायमा सरीक हुन नसकेका ईच्छुक व्यक्तिहरु,

(२) घरेलु तथा साना उद्योग व्यवसाय सञ्चालन, विविधिकरण तथा विस्तार गर्न चाहने युवा उद्यमी व्यवसायीहरु,



प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

(३)  बेरोजगार युवा तथा उद्योग व्यवसायका सम्बन्धमा अनभिज्ञ र स्वदेशमै स्वरोजगार हुन चाहने युवा वर्गहरु,

(४)  वैदेशिक रोजगारीबाट फर्किएका वा विपद/महामारीबाट प्रभावित भएका युवाहरू

यसरी छनौटमा परेका सम्भावित युवा उद्यमीहरुलाई १० दिनको उद्यमशीलता विकास तालिम (व्यवसाय सचेतना तथा शुरु तालिम) दिनुपर्दछ।

### २.६.४.७ स्थापन्न उद्यमीहरूको लागि स्तरोन्नति कार्यक्रम

स्थानीयस्तरमा स्थापित तथा विद्यमान उद्यमीहरुको स्तरोन्नती गर्नका लागि उनीहरुसँग भएको क्षमता, उद्यमको अवस्था, उद्यमलाई सुधार तथा विस्तार गर्नका लागि आवश्यक पर्ने क्षेत्रको विश्लेषण गर्नु पर्दछ। उद्यमीहरुसँग भएको व्यवसायिक योजनालाई परिमार्जन गर्न जरुरी छ वा फेरि नयाँ बनाउने हो सो को अध्ययन गर्नु पर्दछ। हालको अवस्थामा प्राप्त उद्यम व्यवसाय गर्नका लागि श्रोत, कच्चा पदार्थको उपलब्धता, बजारको माग, उद्यमीको माग, आवश्यकता र चाहना आदिलाई सुक्ष्म अध्ययन, विश्लेषण गरेर स्तरोन्नति कार्यक्रम सञ्चालन गर्नु पर्दछ।

यस प्रकारको कार्यक्रमले विगत देखि सञ्चालित उद्योग व्यवसायको माध्यमबाट आफू पूर्णकालिन रोजगारी तथा अन्य थप व्यक्तिहरुलाई पनि सो उद्यम, व्यवसाय मार्फत रोजगार सृजना गर्ने देखिए त्यस्तो उद्यम व्यवसायलाई प्राथमिकतामा राख्नु पर्दछ। यो तालिम प्रदान गर्नु अघि आवश्यकतानुसार ३ देखि ८ दिन सम्मको उद्यमशीलता विकास तालिम प्रदान गर्न सकिनेछ।

तालिमको विषय, प्रशिक्षक वा विषय विज्ञको उपलब्धता, तालिमको लागि आवश्यक भौतिक तथा प्राविधिक पुर्वाधार (मेशीनऔजार, ल्याव आदि) र तालिमको प्रभावकारिता समेतको आधारमा विचार गरि आवश्यकता अनुसार प्रशिक्षक नियुक्त गरी वा तालिम प्रदायक संस्थाहरुबाट सार्वजनिक खरिद ऐन,नियमावली बमोजिम परामर्श सेवा खरिद गरि तालिम सन्चालन गर्न सकिने छ। प्रशिक्षक नियुक्त गरी तालिम सन्चालन गर्दा तालिमको प्रकृति तथा विषयवि१को उपलब्धताका आधारमा आवश्यकता अनुसार कक्षा संख्या वा दैनिक वा मासिक हिसाबले पारिश्रमिक प्रदान गर्ने गरि प्रशिक्षक नियुक्त गर्न सकिनेछ।

कार्यक्रम सम्पन्न भए पछि प्रतिवेदन तयार गरी निर्देशनालय र मन्त्रालय पठाइनेछ। कार्यक्रम सञ्चालन गर्न प्रदेश स्तरमा विषयगत कार्यविधि/निर्देशिका जारी भएको भए उक्त कार्यविधि/निर्देशिका वा जारी नभएको अवस्थामा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा स्वीकृत "लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" लाई आधार मान्न सकिनेछ।

### २.६.४.८ परम्परागत उद्यम प्रवर्द्धन कार्यक्रम

स्थानीयस्तरमा उपलब्ध हुने श्रोत, साधन तथा सीप तथा प्रविधि प्रयोग गरी परम्परागत रूपमा सञ्चालन हुँदै आएका उद्यम व्यवशाय सञ्चालन गरिरहेका वा गर्न चाहने व्यक्ति, संघ संस्था, सहकारी आदिलाई आवश्यकता पहिचान विश्लेषण गरी उद्यम प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। यो कार्यक्रम उद्यमशीलता, रोजगारीमूलक सशक्तिकरण सीप विकास तथा क्षमता अभिबृद्धि कार्यक्रम रहेकोले उद्यम प्रवर्द्धन गर्दा कार्यालयले सञ्चालन गरिरहेको १० दिन सम्मको आवश्यकता हेरी उद्यमशीलता विकासको तालिम दिई अन्य सीप, प्रविधि तथा परम्परागत उद्यम प्रवर्द्धन गर्नका लागि आवश्यक सहयोग गरिनेछ।

प्रवर्द्धनात्मक सहयोग गर्दा सम्वन्धित उद्योगको अवस्था विश्लेषण गरेर सो उद्योग व्यवशाय सञ्चालनमा सहजै आउन सक्ने, व्यवसायिक योजनाको आधारमा तयारी गरी अन्य थप रोजगरीका अवसर सृजना हुने निश्चित हुने देखिएमा त्यस्ता

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

विद्यमान उद्यमहरुलाई प्राथमिकतामा राख्नु पर्दछ। यसरी यो कार्यक्रम भित्र इच्छुक सामान्य नागरिक, उद्यमी, रुग्ण वा पूर्ण क्षमतामा सञ्चालन हुन सक्ने लघु, घरेलु तथा साना उद्योगहरुलाई माग अनुसार विभिन्न विषयमा सीप विकास, उद्यमशीलता विकास, वजारीकरण एवं विभिन्न विषयका व्यवस्थापन सम्वन्धि तालिम प्रदान गर्न सकिन्छ।
यो कार्यक्रममा यदि धेरै इच्छुक सहभागीहरु भए र कार्यक्रमले नसमेटेमा लैंगिक तथा सामाजिक समावेशिकरणको प्राथमिकताको आधारमा सहभागिहरु छनौट गर्नु पर्ने हुन्छ।
यस कार्यक्रम अन्तर्गत प्रशिक्षक नियुक्त गर्दा तोकिएको शैक्षिक योग्यता वा तालिम लिएको प्रमाणपत्र भएका व्यक्ति स्थानीय स्तरमा उपलब्ध नभएमा सम्बन्धित परम्परागत सीपमा दक्षता भएको तथा लगातार कम्तिमा ५ (पाँच) वर्ष सम्बन्धित सीपमूलक पेशा गर्दै गरेको र अरू लाइ तालिम दिन सक्ने व्यक्तिलाइ प्रशिक्षक नियुक्त गर्न सकिनेछ। यसरी सीपमूलक पेशा गर्दै गरेको भनी पेशा सञ्चालन भएको स्थानको स्थानीय तहले सिफारिस गरेको हुनुपर्नेछ।
कार्यक्रम सम्पन्न भए पछि प्रतिवेदन तयार गरी निर्देशनालय र मन्त्रालय पठाइनेछ। कार्यक्रम सञ्चालन गर्न प्रदेश स्तरमा विषयगत कार्यविधि/निर्देशिका जारी भएको भए उक्त कार्यविधि/निर्देशिका वा जारी नभएको अवस्थामा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा स्वीकृत "लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" लाई आधार मान्न सकिनेछ।

### २.६४.१४ औद्योगिक सम्भाव्यता अध्ययन

कार्यालयहरूले सञ्चालन गर्ने सीप विकास तालिम, उद्यमशीलता विकास तालिम, उद्योग व्यवस्थापन सम्बन्धी तालिम एवं अन्य प्रवर्द्धनात्मक सेवाहरुलाई अझ व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्न यस्ता कार्यक्रम संचालन गर्नु पूर्व सो को आवश्यकता, उपयोगिता, उद्योगको संभाव्यता र रोजगारीका अवसरहरुको पहिचान गर्न जरुरी हुने भएकोले स्थानीय माग, आवश्यकता, उपयुक्तता र संभाव्यताको वारेमा अध्ययन गरी प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वियन गर्नका लागि औद्योगिक संभाव्यता अध्ययन सम्पन्न गर्नु पर्दछ।
स्थानीय तह, सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु, उद्यमी, व्यवसायी र व्यक्ति विशेषबाट माग भएका तालिमका विषयहरुको उपयुक्तता वारे लेखा जोखाको साथै निम्न बमोजिमका वुँदाहरुमा आधारित भई अध्ययन गर्नु पर्नेछ।

क) स्थानीय कच्चा पदार्थः- स्थानीयस्तरमा उपलब्ध हुने कृषि, वन (गैह्र काष्ठ समेत) तथा खनिज मा आधारित कच्चा पदार्थहरु जस्तैः वाँस, काठ, लोक्ता, ऊन, फलफूल, खाद्य सामग्री, अल्लो, केतुकी, केरा, भिमल जस्ता रेशायुक्त वनस्पतिहरु एवं जडीवुटीहरु, अन्य प्रशोधन तथा उपयोग गर्न सकिने कच्चा पदार्थहरु तिनको परिमाण र उपयोगको स्तर आदि वारे विवरण संकलन गर्नुपर्दछ। यसरी अध्ययन गर्दा वस्तुको अधिकतम सदुपयोग तथा मूल्य अभिवृद्धि हुने खालका कच्चा पदार्थलाई प्राथमिकता दिनु पर्नेछ।

ख) स्थानीय परम्परागत सीपः- परापूर्वकालदेखि अपनाउदै आईरहेको परम्परागत सीपहरु जस्तैः सुती तथा ढाका बुनाई, राडीपाखी तथा कम्वल बुनाई, ऊनी धागो कताई, डोका, डाला, भकारी, मान्द्रो बुनाई, कलात्मक वस्तुहरु, भाडाँकुंडा, कृषि औजार तथा सामग्री, आदि तयार गर्ने सीपको प्रवर्द्धन गर्न र आवश्यकता अनुसार आधुनिकिरण र बजारयोग्य सामान उत्पादन गर्न सहयोग पुग्ने खालका तालिमहरुलाई संभाव्यता अध्ययन भित्र समावेश गरिनु पर्छ।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

ग) उद्योग व्यवसायको वर्तमान स्थितिः- हाल संचालन भैरहेका विभिन्न प्रकारका लघु, घरेलु तथा साना उद्योगहरुको संचालन स्थिति, उत्पादन प्रविधि, उत्पादन क्षमताको उपयोग, रोजगारी, पूंजी लगानी (वित्तीय संस्थाको लगानी, स्व–लागत) बजार व्यवस्था, आदि वारेको जानकारी यस अध्ययन भित्र समावेश गरिनु पर्छ।

घ) संस्थागत क्रियाकलापः- तालिम संचालन गर्ने स्थानहरुमा समन्वयात्मक तवरले उद्योग, व्यवसाय संचालन गर्न सहयोग पुग्ने वातावरण आवश्यक पर्ने हुनाले सो क्षेत्रमा भएका संस्थागत पूर्वाधारहरु जस्तैः जिल्ला समन्वय समिति, कृषि विकास कार्यालय, पशु सेवा कार्यालय, डिभिजन वन कार्यालय, महिला तथा वालवालिका कार्यालय, गाउँपालिका/नगरपालिका, बैंक तथा वित्तीय संस्थाहरु, जिल्ला स्थित उद्योगसँग सम्बन्धित छाता संघसंगठनहरू एवं उद्योग व्यवसाय प्रवर्द्धनलाई सहयोग पुग्ने खालका कार्यक्रम संचालन गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरुसंग सम्पर्क र समन्वय गरी त्यस्ता संस्थाहरुवाट सञ्चालित कार्यक्रमहरु वारे जानकारी, सूचना र विवरणहरु संकलन गर्नु पर्नेछ।

ङ) बजारको अवस्थाः- बजारको माग, आवश्यकता, प्रतिस्पर्धात्मक स्थिति, अन्य जिल्लावाट आयात भैरहेका वस्तुहरु तथा सो जिल्लावाट अन्य जिल्लामा निर्यात भैरहेका वस्तुहरु, संभावना र चुनौतीलाई मध्यनजर गरी तालिम आवश्यकता वारेमा अध्ययन गरिनु पर्नेछ।

च) पूर्वाधारको अवस्थाः- संभाव्यता अध्ययन गरिने क्षेत्रमा पूर्वाधार जस्तैः सडक, यातायात, विद्युत, संचार, पानीको आदिको अवस्था कस्तो रहेको छ ? सो को जानकारी समेत यस अध्ययनले समेटिनु पर्नेछ

छ) अनुगमन प्रतिवेदनः- विगतमा संचालन भएका कार्यक्रमहरुको अनुगमन प्रतिवेदनहरुको अध्ययन तथा विश्लेषण गरी सो वाट प्राप्त परिणाम समेतलाई आधार मानी संभाव्यता अध्ययन गर्नु पर्दछ।

कार्यक्रम सम्पन्न भए पछि प्रतिवेदन तयार गरी निर्देशनालय र मन्त्रालय पठाइनेछ। कार्यक्रम सञ्चालन गर्न प्रदेश स्तरमा विषयगत कार्यविधि/निर्देशिका जारी भएको भए उक्त कार्यविधि/निर्देशिका वा जारी नभएको अवस्थामा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा स्वीकृत "लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" लाई आधार मान्न सकिनेछ।

### २.६.४.१८ उद्यमी श्रृजना तथा रोजगार कार्यक्रम

हालको अवस्थामा उद्यम व्यवसाय गर्नका लागि प्राप्त श्रोत, साधन, सीप, कच्चा पदार्थको उपलब्धता, बजारको माग, उद्यमीको माग, आवश्यकता र चाहना आदिलाई सुक्ष्म अध्ययन, विश्लेषण गरेर उद्यमी श्रृजना तथा रोजगार कार्यक्रम सञ्चालन गर्नु पर्दछ। यसका अतिरिक्त यस कार्यक्रमले विगत देखि सञ्चालन गर्ने उद्यमीहरु जो आफ्नो व्यवसायको माध्यमबाट आफू पूर्णकालिन रोजगारी तथा अन्य थप व्यक्तिहरुलाई पनि सो उद्यम, व्यवसाय मार्फत अन्य रोजगार सृजना गर्ने देखिए त्यस्तो उद्यम व्यवसायलाई प्राथमिकतामा राख्नु पर्दछ।

यस उद्यमी सृजना गर्ने र रोजगार कार्यक्रममा उद्यमशीलतालाई महत्व दिएर समय सान्दर्भिक ३ दिन देखि ८ दिनसम्म (कति दिनको गर्न समय मिल्छ सो अनुसार) समयको अवस्था हेरेर उद्यमशीलता विकासको तालिम दिनु पर्दछ।

कार्यक्रम सम्पन्न भए पछि प्रतिवेदन तयार गरी निर्देशनालय र मन्त्रालय पठाइनेछ। कार्यक्रम सञ्चालन गर्न प्रदेश स्तरमा विषयगत कार्यविधि/निर्देशिका जारी भएको भए उक्त कार्यविधि/निर्देशिका वा जारी नभएको अवस्थामा उद्योग,



प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
बिराटनगर (नेपाल)

वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा स्वीकृत "लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" लाई आधार मान्न सकिनेछ।

**२.६.४.२१ ढाका जोन स्थापना तथा सञ्चालन कार्यक्रम**

ढाकालाई प्रशोधन गरी निकासी गर्नमा सहयोग गर्ने जसबाट थप रोजगारको सिर्जना हुनुका साथै आम्दानीमा पनि वृद्धि गर्नमा सहजीकरण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

यो कार्यक्रममा निम्न क्रियाकलापहरू गरिनेछ।

क) कार्यालयले ढाका जोन स्थापनाका लागि स्थानीय तह र सम्भाव्य सहकारीहरूसँग समन्वय र सहकार्य गर्ने।

ख) कार्यालयले स्थानीय तह र सहकारीहरू बीचको कार्य जिम्मेवारी र भूमिका उल्लेख भएको समझदारी पत्रमा हस्ताक्षर गरी लिने दिने।

ग) स्थान र उद्यमको लागि चाहिने पूर्वाधारको ड्रइङ लेआउट र डिजाइन तयार गर्नका लागि स्थानीय तहको प्राविधिक परिचालन गर्नमा सहजिकरण गर्ने।

घ) संस्थाका तर्फबाट स्थानीय तह र कार्यालय बीचमा सम्झौता गर्ने र पूर्वाधार निर्माणको जिम्मेवारी दिने।

ङ) प्राविधिक जनशक्तिको सहयोगमा नियमित निरीक्षण अनुगमन गरी पृष्ठपोषण र सुझाव दिने।

च) निर्माण सम्पन्न पश्चात सम्बन्धित सहकारीबाट संस्थालाई हस्तान्तरण गरी सञ्चालनमा सहजीकरण गर्ने।

छ) निर्देशनालय र मन्त्रालयले आवश्यकताको आधारमा अनुगमन गर्ने।

**२.६.४.२३ उपभोक्ता हितका लागि बजार अनुगमन**

व्यापार व्यवसायलाई मार्यदित र उपभोक्तालाई गुणस्तरीय उपभोग्य वस्तु तथा सेवा उपलब्ध गराउने उद्देश्यले यो कार्यक्रम संचालन गरिनेछ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले प्रदेशभित्रका सबै जिल्लाहरूमा रहेका वाणिज्य तथा बजार अनुगमन गर्न सक्नेछ भने सम्बन्धित कार्यालयहरूले आफ्नो जिल्ला भित्र अनुगमन गर्नेछन्। अनुगमन गर्दा आवश्यकता अनुसार स्थानीय तह, स्थानीय प्रशासन लगायतका निकायहरूसँग समन्वय गरी प्रचलित कानुन बमोजिम वाणिज्य/बजार अनुगमन गरी निर्देशनालय र मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। बजार अनुगमनमा खटिइएका टोलीलाई चिया खाजा खाना एवं आवश्यकता अनुसार यातायात खर्च र नियमानुसारको भत्ता वापत आवश्यक पर्ने रकम यस शीर्षकको बजेटबाट खर्च गर्न सकिनेछ।

**२.६.४.२४ उपभोक्ता हित सम्बन्धी अभिमुखीकरण कार्यक्रम**

उपभोक्ताको हक अधिकारको बारेमा छापा र विद्युतीय सञ्चार माध्यममा प्रकाशन तथा प्रसारण, जागरण तथा सचेतना गोष्ठी, माइकिङ, विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई उपभोक्ता हक सम्बन्धी कक्षा सञ्चालन, उपभोक्ता हक अधिकार सम्बन्धी होर्डिङ बोर्ड जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
बिराटनगर (नेपाल)